# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
# उच्चस्तरीय समन्वय समिति

**बैठक संख्या : २१**

**मिति : २०७७।०१।१३ गते शनिवार**

**समय : बिहान ११:०० बजे**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "**नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति**" को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी देहायबमोजिम निर्णयहरु गरियो।

उपस्थिति:

१. माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल — संयोजक
२. माननीय गृहमन्त्री श्री रामबहादुर थापा — सदस्य
३. माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली — सदस्य
४. माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल — सदस्य
५. माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल — सदस्य
६. माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल — सदस्य
७. माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट — सदस्य
८. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई — सदस्य
९. माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा — सदस्य
१०. माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, प्रा.डा.पुष्पराज कँडेल — सदस्य
११. मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार — सदस्य
१२. सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय — सदस्य सचिव

विशेष आमन्त्रित:

माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, श्री हृदयेश त्रिपाठी
माननीय उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, श्री बर्षमान पुन
माननीय वन तथा वातावरणमन्त्री, श्री शक्तिबहादुर वस्नेत
माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री, श्री रामेश्वर राय यादव
माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री, श्री पद्माकुमारी अर्याल
माननीय खानेपानीमन्त्री, श्री बीना मगर
माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री, श्री वसन्तकुमार नेम्बाङ

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

आज मिति २०७७ वैशाख १३ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा बसेको "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को २१ औं वैठकमा देहाय बमोजिम निर्णय गरियो;

१. कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका सम्वन्धमा क्रियाशिल सबै मन्त्रालय, विभाग तथा निकायहरु बीच समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने ।
२. सर्बोच्च अदालतवाट बिभिन्न मितिमा भएका अन्तरिम आदेशहरुलाई सरोकारका निकायहरु मार्फत कार्यान्वयन प्रकृया शीघ्र अघि बढाउने ।
३. कोभिड-१९ को संक्रमणको वर्तमान अवस्थालाई विश्लेषण गरी थप संक्रमण हुन नदिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायिक यात्रुवाहक हवाई उडानहरुलाई १५ मे, २०२० सम्मको लागि स्थगन गर्ने ।
४. बैदेशिक रोजगारवाट फिर्ता भएका तथा स्वदेशमै बेरोजगार रहेका व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र यस्तै प्रकृतिका कार्यक्रममा आबद्ध गरी स्थानीय तहहरुवाट आर्थिक गतिबिधिका क्रियाकलापमा सरिक गराउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।
५. देशका बिभिन्न स्थानमा रहेका मन्दिर, मस्जिद, चर्च, गुम्वा एवं अन्य धार्मिकस्थल तथा धर्मशालाहरुमा रहेका व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण हुन नदिन स्थानीय प्रशासन तथा स्थानीय तहले स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्वन गर्ने व्यबस्था मिलाउने।
६. "गैर सैनिक हवाई सांधन परिचालन सम्वन्धी मापदण्ड, २०७७" लाई नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृतिका लागि सिफारिस गर्ने ।

२०७७।१।१३
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री